**गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) तथा लघु उद्यम विकास कार्यक्रम (मेडेप) सँग उपकरार गरी कार्यक्रम सञ्चालन गरेका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको तेस्रो पक्ष मूल्याकंन गर्नका लागि इच्छुक संघ, संस्था, फर्म वा कम्पनी छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (कार्यादेश)**

***(दोस्रो संसोधित मितिः २०७२।११।०२)***

## १. पृष्ठभूमी :

लघु उद्यम विकास कार्यक्रम (मेडेप), नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को वित्तीय तथा प्राविधिक सहयोगमा सन् १९९८ देखि १० जिल्लामा शुरुवात भई हाल नेपालका ३८ जिल्लामा विस्तार भई कार्यक्रम संचालन भइरहेको छ । यस कार्यक्रमले पाएको सफलताबाट आ.व. ०६६/०६७ देखि नेपाल सरकारले आन्तरिकीकरण गरी गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)को रुपमा क्रमशः विस्तार गर्दै आएको छ । यस मेडपा कार्यक्रम आ.व.०७०/७१ मा ५० जिल्लामा र आ.व. ०७१/७२ मा थप ५ जिल्लामा विस्तार भई ५५ जिल्लामा घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समिति अन्तर्गत संचालन भइरहेको छ । मेडपा कार्यक्रम सञ्चालनको लागि नेपाल सरकारवाट ५ वर्षे रणनीतिक योजना २०७० र सो योजना कार्यान्वयन गर्नका लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७० कार्यान्वयनमा रहेको छ । यसरी मेडेप र मेडपा अन्तर्गत ५५ जिल्लामा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु छनौट भई लघु उद्यम विकास मोडेलमा सवै चरणहरु पुरा गरी उद्यमी सृजना गर्नका लागि लघु उद्यम विकास कार्यक्रम, क्षेत्रीय कार्यक्रम सहयोग कार्यालय, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय वा जिल्ला घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयबीच त्रिपक्षीय तथा द्धिपक्षीय नतिजामुखी उप करार/सम्झौताहरु भएका छन् ।

यस सम्झौतामा उल्लेखित क्रियाकलापहरु अनुसार व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले सम्पन्न गरेको लक्षित नतिजाहरु प्राप्त भए/नभएको तेस्रो पक्ष मूल्याकंन गर्ने र यस मूल्याकंनबाट प्राप्त सिफारिसको आधारमा अन्तिम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तसर्थ मेडेप तथा मेडपा लागु भएका जिल्ला मध्ये ३३[1] जिल्लामा अनुभवी योग्य संस्था, गै.स.स., फर्म वा कम्पनीको छनौट गरी तेस्रो पक्ष मूल्याकंन गर्नको लागि यो कार्यक्षेत्रगत शर्त (कार्यादेश/TOR) तयार गरिएको हो ।

## २. औचित्य

नेपाल सरकारले आर्थिक वर्ष २०७०/७१ मा ३१ र २०७१/७२ मा ५५ जिल्लामा लघु उद्यमीहरु स्थापना गर्नको लागि व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुलाई प्रतिष्पर्धाको आधारमा छनौट गरी गरीबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमका लागि उपकरार गरिएको थियो । जसमा लघु उद्यम विकास मोडेलका ६ Component ( १. सामाजिक परिचालन, २. उद्यमशिलता विकास तालिम ३. प्राविधिक सिप विकास तालिम ४. लघु कर्जामा पहुँच ५. उपयुक्त प्रविधिमा पहुँच ६. वजारीकरण र परामर्श मध्ये प्रत्येक Component का लागि नतिजा/प्रतिफल, परिणामका सूचक र नतिजाको परीक्षणको आधार समेत तोकिएको थियो । साथै व्यवसाय विकास सेवा प्रदायकहरुसँगको सम्झौतामा तोकिएका सूचक र नतिजा परीक्षण संयन्त्र, समयरेखा, बजेट र प्रत्येक नतिजाका लागि भुक्तान गरिने रकमको प्रतिशतजस्ता कुराहरु समावेश गरिएका छन् ।

सम्झौतामा उल्लेख भएको शर्तबमोजिम प्रत्येक नतिजाका लागि पेश गरेका दस्तावेजको आधारमा खर्च भएको बजेटको ९० देखि ९५ प्रतिशतसम्म रकम व्यवसाय विकास सेवा प्रदायकहरुलाई भुक्तानी गरिन्छ । त्यस्तो बजेटमा मानव संशाधनका लागि आवश्यक लागतसमेत समावेश हुन्छ । बाँकी ५ देखि १० प्रतिशत रकम भने स्वतन्त्र बाह्य/तेस्रो पक्ष मूल्याङ्कनको सुझाव प्रतिवेदन प्राप्त भएपछि भुक्तान गरिन्छ (मेडपा कार्यसञ्चालन निर्देशिका) ।

साथै लघु उद्यम विकास कार्यक्रम (मेडेप)ले आ.व. २०७१/७२ का लागि मेडपाको लक्ष्य प्राप्तीको लागि यस मेडेप कार्यक्रम संचालन भएका ३८ जिल्लामा केही नयाँ उद्यमी (६५ जनाका दरले) सृजना गर्नका लागि विभाग र समिति

अन्तर्गतका जिल्लास्थित कार्यलयहरु, लघु उद्यम विकास कार्यक्रम, क्षेत्रिय कार्यक्रम सहयोग कार्यालय र मेडपा कार्यक्रमको लागि छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु विच त्रिपक्षीय सम्झौता गरी वित्तीय र प्राविधिक सहयोग गरीरहेको छ । सम्झौतामा उल्लेख भएका शर्तबमोजिम प्रत्येक नतिजाका लागि पेश गरेका दस्तावेजको आधारमा खर्च भएको बजेटको ९० देखि ९५ प्रतिशतसम्म रकम व्यवसाय विकास सेवा प्रदायकहरुलाई भुक्तानी गरिने र बाँकी ५ देखि १० प्रतिशत रकम भने स्वतन्त्र बाह्य मूल्याङ्कनको सुझाव प्रतिवेदन प्राप्त भए पछि भुक्तान गरिन्छ ।

त्यसैगरी लघु उद्यम विकास कार्यक्रम (मेडेप)ले समेत आफूले छनौट गरेको व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुसँग नतिजामा आधारित उपकरार गर्दै आईरहेकोमा सन् २०१५ को जनवरी देखी **जुन** सम्मको लागि आफ्नो कार्यक्षेत्रको ३८ वटा जिल्लामा विभिन्न व्यवसाय विकास सेवा प्रदायकहरुसँग सम्झौता गरी कार्यक्रम संचालन गरिरहेको छ । जसमा सम्झौतामा उल्लेख भएको शर्तबमोजिम प्रत्येक नतिजाका लागि पेश गरेका दस्तावेजको आधारमा खर्च भएको बजेटको बढीमा ८० प्रतिशतसम्म रकम व्यवसाय विकास सेवा प्रदायकहरुलाई भुक्तानी गरिन्छ । त्यस्तो बजेटमा मानव संशाधनका लागि आवश्यक लागतसमेत समावेश हुन्छ । बाँकि २० प्रतिशत रकम भने स्वतन्त्र बाह्य/तेस्रो पक्ष मूल्याङ्कनको सिफारिस प्राप्त भएपछि भुक्तान गरिन्छ ।

त्यसैले व्यवसाय विकास सेवा प्रदायकहरुलाई दिइएको कार्यमा उनीहरुको कार्यसम्पादनको स्वतन्त्र बाह्य/तेस्रो पक्ष मूल्याङ्कन गर्नका लागि सक्षम **संघ, संस्था, फर्म वा कम्पनीहरु**सँग प्रस्ताव आह्वान गर्नुपरेको हो ।

## ३. व्यवसाय विकास सेवा प्रदायक संस्थाले गरेको कार्यको तेस्रो पक्ष मूल्याकंनको उद्देश्य :

यो तेस्रो पक्ष मूल्याङ्कन कार्यको मुख्य उद्देश्य भनेको **मेडपा कार्यक्रमको ३३** जिल्ला तथा मेडेप परियोजनाको **२३ जिल्लामा** नतीजाको आधारमा व्यवसाय विकास सेवा प्रदायकहरुको कार्यसम्पादनको मूल्याङ्कन गर्नु हो । यस कार्यका खास उद्देश्यहरु यसप्रकार छन्:

क) मूल्याङ्कन अध्ययनका लागि उपयुक्त प्रक्रिया तथा विधिको पहिचान गरी कार्यन्वयनका लागि तयार गर्ने।

ख) जिल्लामा व्यवसाय विकास सेवा प्रदायकलाई दिइएको कार्यक्रमबाट सम्पन्न गरेको आधारमा प्राप्त प्रतिफल/नतिजाको मूल्याङ्कन गर्नु साथै लघु उद्यम ढाँचा र वित्तीय व्यवस्थापन प्रक्रिया कार्यान्वयन तथा प्राप्त प्रतिफल/नतिजाको गुण तथा परिमाण, सेवा प्रदायकहरुको कार्यसम्पादनमा देखिएका त्रुटि र त्यसका कारणहरुलाई ध्यानमा राख्दै उनीहरुको कार्यसम्पादनको स्थिति स्पष्ट पार्नु र कार्यसम्पादनमा सुधार ल्याउनका लागि अपनाउनु पर्ने उपायहरु सुझाउनु ।

ग) वार्षिक उपलब्धीको रुपमा लघुउद्यमबाट सिर्जना भएको रोजगारीबारे तथ्याङ्क प्राप्त गर्ने प्रभावकारी विधि तयार गर्नु । सोही विधिको प्रयोग गरी रोजगारी अध्ययन/मूल्याङ्कन, तथ्याङ्कको विश्लेषण तथा व्याख्या गर्नु र आर्थिक वर्ष २०७०/७१ र २०७१/७२ मा सिर्जना भएको नयाँ रोजगारीको संख्या प्रमाणित गर्नु ।

घ) मूल्याङ्कनबाट प्राप्त नतिजाबारे निम्न विषयमा निष्कर्ष दिनु:

१) कुनकुन व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुलाई अन्तिम किस्ताको बाँकी रकम पुरै भुक्तानी दिनु उपयुक्त छ भन्ने पत्ता लगाउनु र त्यसको औचित्य पुष्टि गर्नु ।

२) कुनकुन व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुलाई अन्तिम किस्ताको बाँकी रकम दिनु उपयुक्त छैन भन्ने पत्ता लगाउनु र त्यसको औचित्य पुष्टि गर्नु ।

३) पुरै रकम भुक्तानी गरीएको जिल्लाको हकमा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको कार्य सम्पादन मूल्याकंन गरी सुझाव पेश गर्ने ।

४) वार्षिक लक्ष्यअनुरुप उपलब्धी के कति भयो/भएन तथ्यांक र सुचना संकलन तथा मापन गर्ने ।

**४. तेस्रो पक्ष मूल्याकंन हुने जिल्लाहरु :**

मेडेप तथा मेडपा लागु **भएका तेस्रो पक्ष मूल्यांकन हुने** जिल्लाहरुको विवरण तालिका १ मा दिइएको छ ।

तालिका नं. १

| **मेडेप अन्तर्गतका जिल्लाहरु** | **मेडपा अन्तर्गतका जिल्लाहरु** | | **कैफियत** |
|---|---|---|---|
| | **घरेलु तथा साना उद्योग विकास समितिबाट कार्यान्वयन गरिएका** | **घरेलु तथा साना उद्योग विभागबाट कार्यान्वयन गरिएका** | |
| सिराहा, धनुषा, रामेछाप, सिन्धुली, दोलखा, सर्लाही, महोत्तरी, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, रौतहट, रसुवा, कपिलवस्तु, वाग्लुङ्ग, वर्दिया, सुर्खेत, जुम्ला, कालीकोट, दैलेख, कैलाली, डडेलधुरा, वैतडी, दार्चुला, | रामेछाप, सिन्धुली, दोलखा, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा, बागलुङ्ग, स्याङ्गजा, गुल्मी, सुर्खेत, जुम्ला, कालिकोट, दैलेख, डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ्ग, वाजुरा, | सिरहा, धनुषा, सर्लाही, महोत्तरी, काभ्रेपलाञ्चोक, रौतहट, मकवानपुर, बारा, पर्सा, पाल्पा, कपिलबस्तु, रुपन्देही, वर्दिया, कञ्चनपुर, कैलाली, | मेडपा अन्तर्गत आ.व. २०७०/७१ मा ३१ जिल्ला र आ.व. २०७१/७२ मा थप बाजुरा र रुपन्देही सहित ३३ जिल्ला |
| २३ | १८ | १५ | ३३[2] |

**५. छनौट भएको संघ, संस्था, फर्म वा कम्पनीले गर्नुपर्ने कार्यहरुः**

**क) लघु उद्यम विकास कार्यक्रम, घरेलु तथा साना उद्योग विकास समिति र घरेलु तथा साना उद्योग विभागमा गई डेस्क कार्य गर्ने ।** जिल्ला उद्यम विकास समिति र अन्य सरोकारवाला संस्थाहरुको मूल्याङ्कन कार्यविधिको समीक्षा तथा संशोधनका लागि ती संस्थाका सान्दर्भिक दस्तावेज तथा प्रतिवेदनहरुको अध्ययन तथा समीक्षा गर्ने । त्यसरी निर्माण गरिएको कार्यविधि तल उल्लेखित विषयहरुका लागि योग्य हुनु पर्नेछ :

अ. घरेलु तथा साना उद्योग कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय तथा लघु उद्यम विकास कार्यक्रम, क्षेत्रीय कार्यालयले लघु उद्यम विकास ढाँचाअन्तर्गत जिल्ला उद्यम विकास समितिमार्फत लक्षित समूहको हितका लागि गरेको खर्चको औचित्य पुष्टि गर्ने, र

आ. मेडपा अन्तर्गत आर्थिक वर्ष २०७०/७१ र २०७१/७२ मा र लघु उद्यम विकास कार्यक्रमले सन् २०१५ को जनवरी देखि जुन सम्ममा सिर्जना गरिएका लघुउद्यमीबाट सम्भाव्य वा उद्देश्यमूलकरुपमा (लैङ्गिक तथा जातीय विविधता, भौगोलीक क्षेत्र र उद्यमको विषयगत क्षेत्रगत आधारमा प्रतिनिधित्व हुने गरी) कम्तीमा २० प्रतिशत छनौट गरी स्थलगत अवलोकन तथा अन्तरवार्ताको माध्यमबाट नतिजाको पुष्टि/मुल्यांकन गर्ने । यसर्थ, मेडपा अन्तर्गत आ.व.२०७०/७१ को लागि २० प्रतिशत र आ.व.२०७१/७२ को २० प्रतिशत र लघु उद्यम विकास कार्यक्रमको लागि २० प्रतिशत Sample Size लिनु पर्ने हुन्छ ।

मूल्याङ्कन प्रक्रियाको मस्यौदा तथा लघुउद्यमीहरुको रोजगार सर्वेक्षण प्रक्रिया तयार गर्ने, घरेलु तथा साना उद्योग विकास समिति/घरेलु तथा साना उद्योग कार्यालय, लघु उद्यम विकास कार्यक्रम अथवा जिल्ला उद्यम विकास

समितिको समुहसँग घनीभूत छलफल गरी त्यसलाई अन्तिम रुप दिने । त्यसरी तयार गरिएको मूल्याङ्कन प्रक्रिया सहज, पाठकमैत्री हुनुका साथै त्यसमा छोटो प्रश्नावली तथा छनौट सूची पनि समावेश हुनुपर्नेछ ।

**ख) स्थलगत (फिल्ड) मूल्याङ्कनकर्ताहरुको अभिमूखीकरण**

विशेषज्ञहरुले स्थलगत मूल्याङ्कनकर्ताहरुलाई प्रक्रियाबारे दिशानिर्देश गरी प्रश्नावली तथा छनोटसूचीको माध्यमबाट आवश्यक तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक सीप तथा ज्ञान प्रदान गर्नेछन् । मूल्याङ्कन विधिमा स्थलगत मूल्याङ्कनकर्ताको मनोबल बढाउन विशेषज्ञहरुले उनीहरुसँग मिलेर संयुक्तरुपमा मूल्याङ्कन तथा लघुउद्यमहरुको समीक्षाजस्ता काम गर्नेछन् ।

**ग) स्थलगत मूल्याङ्कनकर्ताहरुको स्थलगत कार्य**

स्थलगत मूल्याङ्कनकर्ताहरुले मूल्याङ्कन प्रक्रियाको पालना गरी अवलोकन, अन्तरवार्ता, बैठक, छलफल लगायत विधिबाट सूचनाको सङ्कलन गर्नुपर्नेछ । त्यसक्रममा कुनै प्रकारको दुविधा वा अलमल भएमा उनीहरुले तत्कालै विशेषज्ञको सल्लाह सुझाव लिनुपर्नेछ । आफूले सङ्कलन गरेको तथ्याङ्क र सूचनाको पुनः जाँच तथा एकभन्दा बढी विधिबाट परीक्षण (ट्रायङ्गुलेशन) गरी त्यसलाई मान्य बनाउनुपर्नेछ ।

**घ) तथ्याङ्क तथा सूचनाको प्रत्येक विश्लेषण, व्याख्या र प्रतिवेदन लेखन गर्नुपर्नेछ** । कार्यका शर्तहरु (Terms of Reference) मा उल्लेखित हरेक उपलब्धी (Ouput) हरुको कोशेढुँगा (Milestones) हरुको तुलनामा सुचना तथा तथ्याङ्क विश्लेषण तथा व्याख्या गरी प्रतिवेदन तयार गरेको हुनुपर्नेछ ।

विशेषज्ञ र स्थलगत मूल्याङ्कनकर्ताहरुले संयुक्तरुपमा तथ्याङ्क तथा सूचनाको विश्लेषण तथा व्याख्या गरी प्रतिवेदन तयार गर्नुपर्नेछ । सो प्रतिवेदनले हरेक जिल्लामा माथि उल्लेखित दोस्रो, तेस्रो र चौथो उद्देश्यलाई सम्बोधन गर्नुपर्नेछ ।

**ङ) जिल्ला प्रतिवेदनको प्रस्तुति र अन्तिम रुप**

उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समिति र लघु उद्यम विकास कार्यक्रम समक्ष जिल्ला प्रतिवेदनको संक्षिप्त प्रस्तुति गर्नु पर्नेछ र उनीहरुले दिएको टिप्पणी र सल्लाहको आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिइने छ ।

**च) विभिन्न निकायहरुवाट सुझावः**

छनौट भएका संघ, संस्था, फर्म वा कम्पनीले आवश्यकताअनुसार लघु उद्यम विकास कार्यक्रम, विभाग, समिति र जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समिति कार्यालय र उद्योग मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ ।

**६. सम्झौता सम्वन्धी व्यवस्थाः**

छनौट भएका संघ, संस्था, फर्म वा कम्पनीलाई उद्योग मन्त्रालयको प्रत्यक्ष निगरानीमा घरेलु तथा साना उद्योग विभागले उपकरार गर्नेछ ।

**७.भुक्तानी सम्वन्धी व्यवस्था :**

क. छनौट भएका **संघ, संस्था, फर्म वा कम्पनी**लाई घरेलु तथा साना उद्योग विभागले जिल्लाको **प्रारम्भिक प्रतिवेदन र अन्तिम प्रतिवेदन मूल्याकंन प्रतिवेदन** प्राप्त भएपश्चात **दुई किस्तामा क्रमशः १० प्रतिशत ९० प्रतिशत** गरी भुक्तानी गर्नेछ ।

ख. प्राप्त प्रतिवेदन घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिले आफ्ना जिल्लास्थित कार्यालयहरुलाई पठाउने र ती कार्यालयहरुले सो प्रतिवेदन जिल्ला उद्यम विकास समितिमा छलफल तथा निर्णय गराई प्रतिवेदनमा उल्लेख गरिएबमोजिम व्यवसाय विकास सेवा प्रदायक संस्थालाई भुक्तानी गर्ने ।

**८. अपेक्षित परिणाम**

संघ, संस्था, फर्म वा कम्पनीले मेडपा तथा मेडेपअन्तर्गत संचालित 'अन्तिम मूल्याङ्कन कार्यविधि र जिल्ला मूल्याङ्कन प्रतिवेदनहरु' बुझाउनु पर्नेछ । जस **अन्तर्गत अनुसूची १ मा उल्लेखित ६ वटा क्लस्टरका:** १) मेडपा अन्तर्गत संचालित आ.व.२०७०/७१ मा **३१ जिल्ला तथा २०७१/७२ मा ३३** जिल्लाहरुमा भएका क्रियाकलापहरुको प्रतिवेदन २) मेडेपले आ.व. २०७१/७२ मा मेडपाको लागि मेडेप लागु भएका जिल्लाहरुमा सञ्चालित क्रियाकलापहरुको प्रतिवेदन ३) मेडेपले सन् २०१५ जनवरी देखी जुनसम्मको लागि मेडेप सञ्चालन भएका **२३** जिल्लाहरुमा सञ्चालित क्रियाकलापहरुको प्रतिवेदन । माथि उल्लेखित बुँदा नं. १, २ र ३ अनुसारको प्रतिवेदन जिल्लागत रुपमा प्रत्येक जिल्लाको Electronic कपी र दुई प्रति कम्प्युटर प्रिन्टेड कपी समेत बुझाउनु पर्नेछ ।

ती प्रतिवेदनमा निम्न कुराहरु हुनुपर्नेछ :

क) मूल्याङ्कन प्रक्रियामा समावेश हुनै पर्ने कुरा : (अ) नतिजाहरुको सूचकको पुष्टि गर्नका लागि आवश्यक तथ्याङ्क तथा सूचना, र (आ) ती तथ्याङ्क तथा सूचना प्राप्त गर्ने र विश्लेषण तथा व्याख्या गर्ने विधि तथा उपकरणहरु । यी सबै गतिविधि समावेश गरिएको दस्तावेज सरल तथा स्पष्ट हुनु पर्नेछ ।

ख) लघु उद्यमबाट सृजना भएका रोजगार तथा नतिजाको गुणस्तर र परिमाण सर्वेक्षण तथा कार्यविधि ।

ग) लघु उद्यमको रोजगार सर्वेक्षण प्रतिवेदनमा निम्न कुराहरु समावेश हुनुपर्नेछः (अ) तोकिएको अवधिमा सिर्जना भएको कुल रोजगारी (मानवीय घण्टा), (आ) सिर्जना भएको अतिरिक्त रोजगारी, (इ) लैङ्गिक तथा सामाजिक समावेशीकरणको हिसाबमा प्रति लघुउद्यमले सिर्जना गरेको औसत रोजगारी र लघुउद्यमको प्रकार, र (ई) विभिन्न लघुउद्यम वर्गले सिर्जना गरेको रोजगारीमा लैङ्गिक तथा सामाजिक समावेशीकरण ।

घ) जिल्ला मूल्याङ्कन प्रतिवेदनमा समावेश हुनुपर्ने कुराः (अ) घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समिति तथा लघु उद्यम विकास कार्यक्रमको ढाँचा कार्यान्वयन तथा वित्तीय व्यवस्थापन प्रक्रियाको कार्यसम्पादन स्थिति, आ) नतिजाको गुणस्तर र परिमाण – कार्यका शर्तहरु (Terms of Reference) मा उल्लेखित हरेक उपलब्धी (Ouput) हरुको काशेढुगां (Milestones) हरुको तुलनामा सुचना तथा तथ्याङ्क विश्लेषण तथा व्याख्या गरी तयार गरिएको प्रतिवेदन, (इ) कार्यसम्पादनमा देखिएका कमीकमजोरी र त्यसको कारण, (ई) कार्यसम्पादनमा सुधार गर्नुपर्ने क्षेत्रहरु, (उ) व्यवसाय विकास सेवा प्रदायकहरु अन्तिम किस्ताको पूरै वा आंशिक रकम पाउन योग्य छन् या रकम पाउन योग्य छैनन् भन्नेबारे सुझाव दिने र औचित्य प्रष्ट पार्ने ।

मूल्याङ्कनकर्ताहरुले पेश गरेको 'अन्तिम मूल्याङ्कन प्रक्रिया र जिल्ला मूल्याङ्कन प्रतिवेदन'को मन्त्रालय, विभाग र समितिले गुणस्तरको निर्क्यौल गर्नेछन् ।

**९. समयसीमा र सम्पन्न गर्नुपर्ने कार्य**

| **सम्पन्न गर्नुपर्ने कार्य** | **समयसीमा** |
|---|---|
| विस्तृत कार्ययोजना, विधि/प्रक्रिया तथा प्रारम्भ | |
| स्थलगत अध्ययनमा आधारित मूल्याङ्कन दस्तावेजको मस्यौदा | |
| अन्तिम मूल्याङ्कन प्रतिवेदनहरु | |

यो मूल्याङ्कन अध्ययन **<u>मे २०१६ भित्रमा</u>** पूरा हुनेछ, र संघ, संस्था, फर्म वा कम्पनीले माथि उल्लेखित सम्झौताका शर्तहरु र सम्पन्न गर्नुपर्ने कामहरुको आधारमा दस्ताबेजहरु बुझाउनु पर्नेछ ।

**१०.यस कार्यका लागि प्रस्ताव पेश गर्न चाहने संघ, संस्था, फर्म वा कम्पनीको आवश्यक योग्यता, अनुभव र जनशक्ति**

क) यस कार्यका लागि प्रस्ताव पेश गर्न चाहने संघ, संस्था, फर्म वा कम्पनीमा तल उल्लेखित योग्यताहरु हुनुपर्नेछ ।

- प्रस्ताव पेश गर्न आव्हान गरिएको सूचना वमोजिमको योग्यता भएको ।
- सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको ।
- प्रस्ताबित कार्य गर्न आवश्यक पर्ने भौतिक सुविधा, जनशक्ति र उपकरण भएको ।
- संघ, संस्था, फर्म वा कम्पनीले नेपाल सरकार अन्तर्गत दर्ता भई नविकरण भएको हुनुपर्नेछ साथै मूल्य अभिवृद्धि कर (भ्याट)मा दर्ता भई अद्यावधिक भएको हुनु पर्ने ।
- प्रस्ताव पेश गर्न चाहने संघ, संस्था, फर्म वा कम्पनीको स्थापना कम्तीमा १ वर्ष भएको हुनुपर्नेछ ।

**ख) संस्थाको जनशक्ति, न्यूनतम योग्यता र अनुभव :**

- यस कार्यका लागि प्रस्ताव पेश गर्न इच्छुक संस्था, गै.स.स., फर्म वा कम्पनीहरुमा एक कार्यक्रम मूल्याङ्कन विज्ञ, एक वित्त अधिकृत र आवश्यक संख्यामा स्थलगत मूल्याङ्कनकर्ताहरु हुनुपर्नेछ । उल्लेखित योग्यता पूरा गर्नसक्ने संघ, संस्था, फर्म वा कम्पनीले प्रस्तावित मानव स्रोतको हस्ताक्षरसहितको बायोडाटा पेश गर्नुपर्नेछ ।

१. **कार्यक्रम मूल्याङ्कन विज्ञ (टोली नेता) : १ जना**

- आवश्यक न्युनतम योग्यताः स्नातकोत्तर उत्तिर्ण ।
- अनुभवः विकास कार्यक्रम अनुगमन र मूल्याङ्कनका क्षेत्रमा कम्तीमा ३ वर्ष कार्य अनुभव भएको हुनुपर्नेछ । (विकास कार्यक्रम सम्वन्धी अध्ययन अनुसन्धान, सर्वेक्षण, अनुगमन, मूल्यांकन कार्य सम्पादन गरेको अनुभव सम्वन्धी प्रतिलिपि संलग्न गर्नु पर्ने)

२. **वित्त अधिकृतः १ जना**

- आवश्यक न्युनतम योग्यताः वित्त/लेखापालन/बिजनेश एडमिनिष्ट्रेशन वा अन्य सम्बन्धित विषयमा **<u>स्नातकोत्तर</u>** उत्तिर्ण ।
- अनुभवः विकास कार्यक्रमहरुको वित्तीय समीक्षा र मूल्याङ्कनका क्षेत्रमा कार्य अनुभव भएको हुनुपर्नेछ ।

**३. स्थलगत मूल्याङ्कनकर्ताः ६ जना**

- आवश्यक न्युनतम योग्यताः स्नातक उत्तिर्ण ।
- अनुभवः बिकास कार्यक्रमहरुको स्थलगत मूल्यांकनकर्ता भई **<u>अध्ययन अनुसन्धान, सर्वेक्षण, मूल्यांकन कार्यका लागि तथ्यांक संकलन तथा विश्लेषण</u>** सम्वन्धी अनुभव भएको हुनुपर्नेछ ।

**११. प्रस्तावको ढाँचा/निवेदन पेश गर्ने मापदण्ड :**

इच्छुक **संघ, संस्था, फर्म वा कम्पनी**ले प्राविधिक र वित्तीय प्रस्ताव A4 साइजको कागजमा कम्प्युटर टाइप गरी अलग अलग सीलबन्दी गरी बुझाउनुपर्नेछ । प्राविधिक प्रस्तावमा छनोट भएका संघ, संस्था, फर्म वा कम्पनीको मात्र वित्तीय प्रस्ताव खोलिने छ । प्रस्ताव बनाउँदा तल उल्लेखित ढाँचामा बनाउनुपर्नेछः

**अग्रभाग पृष्ठ अन्तर्गतः**

क) संघ, संस्था, फर्म वा कम्पनीको नाम, सम्पर्क नम्बर र प्रस्ताव पेश गर्ने क्लष्टरको नाम

ख) प्रस्तावमा समावेश गरिएका प्रस्तावित गतिविधिहरुको सूची

१. संघ, संस्था, फर्म वा कम्पनीको पृष्ठभूमि (आधा पृष्ठ)

क) परियोजना मूल्याङ्कन सेवाको क्षेत्रमा संस्थाको विगतको अनुभव, साथमा नेपाल सरकार तथा राष्ट्र संघीय संस्थाहरुसँग काम गरेको अनुभव, यदि उपयुक्त छ भने (आधा पृष्ठ)

ख) माग गरिएका गतिविधिका लागि यो संस्था किन सबैभन्दा उपयुक्त छ ? संस्थाका सबल पक्ष र तुलनात्मक लाभका पक्षहरु उल्लेख गर्नुहोस् (आधा पृष्ठ)

२. आफूले गर्ने भनेका मूल्याङ्कन गतिविधिहरुको विवरण (अधिकतम एक पृष्ठ)

- उद्देश्य, मूख्य तत्वहरु, संबन्धित परिणाम र लक्षित लाभान्वित वर्गको कभरेजसहित मूल्याङकन गतिविधिको ब्याख्या गर्नुहोस ।

३. कार्ययोजना र काम सम्पन्न गर्ने मिति (अधिकतम २ पृष्ठ)

- सम्पन्न गर्ने काम/लक्ष्यको सूची समावेश गर्नुपर्नेछ ।

४. अध्ययन/मूल्याङ्कनमा प्रयोग गरिने तथ्याङ्क/सूचना संकलन, विश्लेषण विधि ।

५. गतिविधि अनुसारको समग्र बजेट (१ पृष्ठ)

६. लैङ्गिक तथा सामाजिक समावेशीको दृष्टिकोणबाट कार्यक्रम मूल्याङ्कनको प्रक्रिया प्रस्तुत गर्नुपर्नेछ ।

**सहायक दस्तावेज/कागजपत्र**

तल उल्लेखित दस्तावेजहरु प्रस्तावको हार्ड कपीसँगै पेश गर्नुपर्ने छ ।

- संघ, संस्था, फर्म वा कम्पनी **कम्पनी ऐनमा दर्ता भई सम्वन्धित निकायमा दर्ता भएको** प्रमाणपत्रहरुको छाँयाप्रति
- पछिल्ला एक वर्षको अडिट प्रतिवेदनको छाँयाप्रति
- संघ, संस्था, फर्म वा कम्पनीको विनियमावलीको छाँयाप्रति
- संघ, संस्था, फर्म वा कम्पनीको वार्षिक प्रतिवेदनको छाँयाप्रति
- कर/भ्याट दर्ताको प्रमाणपत्र/छ भने कर छुट प्रमाणपत्रको छाँयाप्रति
- TOR र सूचनावमोजिम कार्य गर्न तयार भएको प्रतिवद्धतासहितको प्रस्ताव ।

**१२. प्रस्ताव पत्र पेश गर्ने तरीका :**
प्रस्ताव पेश गर्ने **संघ, संस्था, फर्म वा कम्पनी** ले प्रस्तावलाई खाममा शिलबन्दी गरी खामको बाहिर नाम ठेगाना सो सस्थाको VAT नं र कुन क्लस्टरको लागि काम गर्न चाहेको हो सो क्लस्टरका जिल्लाहरुको नाम समेत स्पष्ट उल्लेख गरी प्रस्तावपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशित भएको **मितिले १६ औ दिनको १२:००** बजे सम्म दर्ता गर्न सकिने तथा सोही दिनको १:०० बजे नियमानुसार खोलिने छ र सो दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ । (दोस्रो पटक सूचना गर्नु परेको अबस्थामा दोस्रो सूचनामा उल्लेख भएको म्याद बमोजिम हुने छ ।)

एक भन्दा बढी क्लस्टरका लागि मूल्याकंन गर्ने गरी प्रस्ताव पेश गर्ने सँस्थाले प्रत्येक क्लस्टरका लागि अलग अलग जनशक्ति (कर्मचारी) प्रस्ताव गर्नुपर्नेछ । एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एकभन्दा वढी क्लस्टरका लागि प्रस्ताव पेश गरेको पाइएमा यस विभागमा दर्ता भएको पहिलो कायम गरी अन्य प्रस्तावहरु स्वतः रद्ध हुनेछन् ।

**१३. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**
प्रस्तावको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिने छ । प्राविधिक प्रस्तावको कुल अंक १०० लाई अंक भार ८० कायम गरीनेछ । प्राविधिक प्रस्तावको उत्तिर्णाङ्क ५० प्रतिशत हुने छ । प्राविधिक प्रस्तावबाट उत्तिर्णमध्ये सबैभन्दा बढी अंक ल्याउने बढीमा ३ वटा संस्थालाई प्राविधिक प्रस्तावको मूल्याकंनवाट छनौट गरिने छ । त्यसैगरी आर्थिक प्रस्तावको कुल अंक १०० लाई अंकभार २० कायम गरिनेछ । प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावबाट सबैभन्दा बढी अंक ल्याउने **संघ, संस्था, फर्म वा कम्पनी**लाई छनौट गरिने छ र योग्यताक्रमका आधारमा बाँकी दुई **संघ, संस्था, फर्म वा कम्पनी**लाई वैकल्पिक संस्थाको रुपमा राखिनेछ ।

**१४. विविध :**
अन्य प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

**१५. क) अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- TOR मा उल्लेखित विवरणहरु र सो लाई पुष्ट्याईं गर्ने प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
- सूचना र TOR मा उल्लेख भएका शर्तहरु र कालो सूचीमा नपरेको स्वघोषणापत्र अनिवार्य भएकोले ती शर्तहरु पूरा गरेबापत अंक दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

**१६. संस्थाहरुबाट प्राप्त प्रस्ताव-पत्रहरु छनौटका आधारहरुः**

**१६.१ प्राविधिक प्रस्ताव छनौटका आधारः**

**क) संस्थाको अनुभवः (१० अंक)**

**विकास कार्यक्रम सञ्चालन गरेको, अध्ययन अनुसन्धान, सर्वेक्षण, मूल्यांकन सम्वन्धी सम्पादित कार्यको संख्या वा अनुभव**

**ख) मुख्य-मुख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभवः ( ५० अंक)**

१. कार्यक्रम मूल्यांकन विज्ञ (टोली नेता) : १ जना
२. वित्त अधिकृतः १ जना
३. स्थलगत मूल्याङ्कनकर्ताहरुः ६ जना

**ग) कार्य सम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता : (२० अंक)**

विधि, प्रक्रिया, तथा कार्ययोजना निर्देशित उद्देश्यसँग मेल खाने गरि TORमा उल्लेख भए वमोजिम SMART model मा तयार भए नभएको आधारमा निम्नानुसार गरिनेछ:
**(समावेशी नमूना छनौट प्रक्रिया उल्लेख गरिएको, नमुना प्रश्नावली तथा चेक लिस्ट समावेश गरिएको, तंथ्यांक संकलन विधि उल्लेख भएको, तथ्यांक विश्लेषणको आधार तथा अंक मापन विधि ब्याख्या गरिएको, प्रतिवेदनको विषयसूची प्रष्ट रुपमा उल्लेख भए अनुसार गरिनेछ)**

**घ) प्रविधि तथा भौतिक सामग्री : १० अंक**

प्रस्तावक संस्थाले वार्षिक लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएका निम्न प्रविधि तथा भौतिक सामग्री **(कम्प्यूटर सेट, ल्यापटप, स्क्नानर, फोटोकपि, क्यामरा, इन्टरनेट)** सुविधाहरुको आधारमा अंक प्राप्त गर्नेछन् ।

**ङ) आर्थिक र ब्यवस्थापकीय क्षमता: (१० अंक)**

**१.** आर्थिक अवस्था: (५ अंक)
**(पेश भएको लेखा परिक्षण प्रतिवेदनमा संस्थाको नाफा घाटामा गएको आकडा अनुसार)**

२. ब्यवस्थापकीय क्षमता: (५ अंक)
**(मूल्यांकनका लागि आवश्यक सबै कर्मचारी छनौट गरी प्रस्तावनामा उल्लेख गरिएको, संस्थाको संगठनात्मक ढांचा स्पष्ट उल्लेख गरिएको, कर्मचारी आर्थिक प्रशासन नियमावली भएको आचार संहिता भएको र संस्थाको निर्णय तहमा समावेशी भएको)**

**उपर्युक्त बमोजिम कुल १०० अंकलाई ८० अंक कायम गर्नुपर्नेछ ।**
प्राविधिक प्रस्ताव मूल्यांकन गरिसकेपछि मात्र आर्थिक प्रस्ताव खोलिनेछ र प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको मूल्यांकनबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने संस्थालाई छनौट गरिनेछ ।

**१७. लागत अनुमान**
यस कार्यका लागि गरिने खर्च तथा पारिश्रमिक सरकारी निर्देशिका तथा नियमअनुसार हुनेछ । लागतमा स्रोत व्यक्तिको शुल्क, स्थलगत मूल्याङ्कनकर्ताहरुको भत्ता, भ्रमण तथा बैठक खर्च, स्टेशनरी र छपाई र अन्य आवश्यक खर्चहरु समावेश हुनेछन् । प्रस्तावकले लागत अनुमान पेश गर्दा उल्लेखित ६ वटा क्लष्टर मध्ये क्लष्ट**र ३,४ र ५** को लागि प्रस्ताव पेश गर्न चाहेमा प्रत्येक क्लष्टरका लागि वजेट रु ७१०,०००।००( अक्षेरुपी सात लाख दश हजार मात्र) तथा क्लष्ट**र ७, ९ र १०** को लागि प्रस्ताव पेश गर्न चाहेमा प्रत्येक क्लष्टरका लागि वजेट रु ८१८,०००।०० (अक्षेरुपी आठ लाख अठाह्र हजार मात्र) भित्र रहेर पेश गर्नु पर्ने छ ।

**१८. वित्तीय प्रस्ताव मुल्यांकनका आधारहरु :**
आवेदकले पेश गरेको प्रस्तावको वित्तीय पक्षबाट देहाय बमोजिम मुल्यांकन गरिनेछ :

**क. प्रस्तावित कुल लागतको नमुना :**

| **क्र.सं.** | **विवरणहरु** | **इकाई** | **दर** | **कुल रकम** |
|---|---|---|---|---|
| **१** | **पारिश्रमिक** | | | |
| १.१ | कार्यक्रम मूल्याङ्कन विज्ञ (टोली नेता) | | | |
| १.२ | वित्त अधिकृत | | | |
| १.३ | स्थलगत मूल्याङ्कनकर्ताहरु | | | |
| **२** | **लजिष्टिक सम्वन्धी** | | | |
| २.१ | मसलन्द खर्च | | | |

| | | | | |
|---|---|---|---|---|
| २.२ | भ्रमण तथा यातायात खर्च | | | |
| **३** | **अन्य** | | | |
| ३.१ | संचार | | | |
| ३.२ | प्रतिवेदन | | | |
| ३.३ | विविध | | | |
| ४ | कुल खर्च (१, २, ३) | | | |
| ५ | VAT Amount | | | |
| **६** | **कुल जम्मा लागत (रु) (४,५)** | | | |

क) देहायका प्रत्येक शिर्षकका लागि दिइएको अधिक सम्भावित अंक :

| **क.सं.** | **आधारहरु** | **अधिक सम्भावित अंक** |
|---|---|---|
| १ | प्रस्तावित कुल लागत | १०० |
| **कुल अंक** | | **१००** |

**नोट : कुल १०० अंकलाई २० मा परिबर्तन गरी राखिने छ ।**

**ख. अंक दिने आधारहरु :** प्रस्तावमा सवैभन्दा कम दर कवोल गर्ने प्रस्तावकलाई सबैभन्दा बढी अंक प्रदान गरिने छ ।

**(आर्थिक प्रस्तावको अंक प्रदान गर्दा सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ६ को दफा ८१ को (२) मा उल्लेख भए बमोजिम अंक गणना गरिनेछ ।)**

**१९.** व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले कार्यक्रम संचालनको सन्दर्भमा सम्पादन गरेका क्रियाकलापहरुको यसै साथ संलग्न ToR वमोजिमको तेस्रो पक्ष मूल्यांकनकर्ताको छनौटको लागि घरेलु तथा साना उद्योग विभागवाट प्रचलित नियम कानुन वमोजिम सूचना प्रकासित गरिने छ ।

**२०. मूल्यांकंन गर्नुपर्ने जिल्लाहरु क्लस्टरमा क्रमश :**

| **क्लस्टर नं.** | **मेडेप अन्तर्गतका जिल्लाहरु** | **मेडपा अन्तर्गतका जिल्लाहरु** | | **कैफियत** |
|---|---|---|---|---|
| | | **घरेलु तथा साना उद्योग विकास समितिबाट कार्यान्वयन गरिएका** | **घरेलु तथा साना उद्योग विभागबाट कार्यान्वयन गरिएका** | |
| ३ | सिराहा, धनुषा, रामेछाप, सिन्धुली, र दोलखा | रामेछाप, सिन्धुली, र दोलखा | सिराहा र धनुषा | जिल्ला संख्या : ५ |
| ४ | सर्लाही, महोत्तरी, नुवाकोट, सिन्धुपाल्चोक र काभ्रे | नुवाकोट र सिन्धुपाल्चोक | सर्लाही, महोत्तरी र काभ्रे | जिल्ला संख्या : ५ |
| ५ | रौतहट र रसुवा | रसुवा | रौतहट, मकवानपुर, वारा र पर्सा | जिल्ला संख्या : ५ |
| ७ | कपिलवस्तु, बाग्लुङ | वाग्लुङ्ग, स्याङ्गजा र गुल्मी, | पाल्पा, कपिलवस्तु र रुपन्देही | जिल्ला संख्या : ६ |
| ९ | वर्दिया, सुर्खेत, जुम्ला, कालिकोट र दैलेख | सुर्खेत, जुम्ला, कालिकोट र दैलेख | बर्दिया र कंचनपुर | जिल्ला संख्या : ६ |
| १० | कैलाली, डडेलधुरा, वैतडी, र दार्चुला | डडेल्धुरा, वैतडी, दार्चुला, वझाङ्ग र वाजुरा | कैलाली | जिल्ला संख्या : ६ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | २३ जिल्ला | १८ जिल्ला | १५ जिल्ला | ३३ जिल्ला |

**२१.** यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

**२२.** यस विषयमा विस्तृत जानकारी लिनुपर्ने भएमा यस विभागको फोन नं. ०१-४२५९८४६ र ०१-४२५९४९३ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

## अनूसूची १: जिल्लागत रुपमा तोकिएको लक्ष्यहरु तथा उपलव्धीहरु:

## तेश्रो पक्ष मुल्यांकनको लागि जिल्लागत उद्यमी सृजना लक्ष तथा उपलब्धि विवरण

| **क्लष्टर नं** | **क्र.सं.** | **जिल्ला** | **मेडपाअन्तर्गत** | | | | | | **मेडेपअन्तर्गत** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७०/७१ | | आ.व. २०७१/७२ | | आ.व. २०७१/७२ मा मेडपवाट | | सन् २०१५ को जनवरीदेखी जुनसम्म को मेडेपको लागि | | | |
| | | | लक्ष्य | उपलब्धी | लक्ष्य | उपलब्धी | लक्ष्य | उपलब्धी | लक्ष्य | उपलब्धी | लक्ष्य | उपलब्धी |
| ३ | १ | रामेछाप | १४६ | १४६ | ५५ | ५५ | ६५ | ६९ | ७० | ७२ | ३३६ | ३४२ |
| | २ | दोलखा | १४६ | १४७ | ५५ | ५५ | ६५ | | ८१ | ८२ | ३४७ | २८४ |
| | ३ | सिरहा | १४६ | १४८ | ६१ | ६१ | ६५ | ६५ | ७० | ८८ | ३४२ | ३६२ |
| | ४ | सिन्धुली | १४६ | १०२ | ५५ | ५५ | ६५ | ६५ | ७० | ६८ | ३३६ | २९० |
| | ५ | धनुषा | १४६ | १४७ | ६१ | ० | ६५ | ० | ७० | ७१ | ३४२ | २१८ |
| जम्मा | | | ७३० | ६९० | २८७ | २२६ | ३२५ | १९९ | ३६१ | ३८१ | १७०३ | १४९६ |
| ४ | ६ | सर्लाही | १४६ | १४१ | ६१ | ६१ | ६५ | ६५ | ७० | ७१ | ३४२ | ३३८ |
| | ७ | महोत्तरी | १४६ | १४८ | ६१ | ६१ | ६५ | ३९ | ७० | ७१ | ३४२ | ३१९ |
| | ८ | नुवाकोट | १४६ | २१० | ५५ | ५५ | ६५ | ६५ | १२० | ६५ | ३८६ | ३९५ |
| | ९ | सिन्धुपाल्चोक | १४६ | १६४ | ५५ | ५५ | ६५ | ८५ | ८० | ८५ | ३४६ | ३८९ |
| | १० | काभ्रेपलान्चोक | १४६ | १४५ | ६१ | ६१ | ६५ | ५४ | ७० | ४८ | ३४२ | ३०८ |
| | | | ७३० | ८०८ | २९३ | २९३ | ३२५ | ३०८ | ४१० | ३४० | १७५८ | १७४९ |
| ५ | ११ | रसुवा | १४६ | १५० | ५५ | ६२ | ६५ | ७० | ७० | ७० | ३३६ | ३५२ |
| | १२ | रौतहट | १४६ | १४६ | ६१ | ६३ | ६५ | ३७ | ७० | ८३ | ३४२ | ३२९ |
| | १३ | बारा | १४६ | ९८ | १७३ | १९६ | | | | | ३१९ | २९४ |
| | १४ | मकवानपुर | १४६ | १३१ | १७३ | १७७ | | | | | ३१९ | ३०८ |
| | १५ | पर्सा | १४६ | १५४ | १७३ | १८८ | | | | | ३१९ | ३४२ |
| | | | ७३० | ६७९ | ६३५ | ६८६ | १३० | १०७ | १४० | १५३ | १६३५ | १६२५ |
| ७ | १६ | स्याङजा | १४६ | १४७ | १७३ | ७९ | | | | | ३१९ | २२६ |
| | १७ | रुपन्देही | | | १७३ | १६४ | | | | | १७३ | १६४ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १८ | बागलुङ्ग | १४६ | १४८ | ५५ | ३९ | ६५ | ५० | ६५ | ५७ | ३३१ | २९४ |
| | १९ | पाल्पा | १४६ | १४७ | १७३ | ० | | | | | ३१९ | १४७ |
| | २० | कपिलवस्तु | १४६ | १४७ | ६१ | ७३ | ६५ | ६५ | ७० | ६४ | ३४२ | ३४९ |
| | २१ | गुल्मी | १४६ | १४६ | १०५ | १०५ | | | | | २५१ | २५१ |
| | | | ७३० | ७३५ | ७४० | ४६० | १३० | ११५ | १३५ | १२१ | १७३५ | १४३१ |
| ९ | २२ | सुर्खेत | १४६ | १७२ | ५५ | ५५ | ६५ | ६५ | ९१ | ९१ | ३५७ | ३८३ |
| | २३ | बर्दिया | १४६ | १४८ | ६१ | ७४ | ६५ | ७६ | ८१ | ७७ | ३५३ | ३७५ |
| | २४ | दैलेख | १४६ | १४६ | ५५ | ५५ | ६५ | ६५ | ८७ | ८९ | ३५३ | ३५५ |
| | २५ | जुम्ला | १४६ | १४६ | ५५ | ५५ | ६५ | ६५ | ७५ | ६५ | ३४१ | ३३१ |
| | २६ | कालिकोट | १४६ | ० | ५५ | ५५ | ६५ | ६५ | ७५ | ५७ | ३४१ | १७७ |
| | २७ | कन्चनपुर | १४६ | १५३ | १७३ | १५० | | | | | ३१९ | ३०३ |
| | | | ८७६ | ७६५ | ४५४ | ४४४ | ३२५ | ३३६ | ४०९ | ३७९ | २०६४ | १९२४ |
| १० | २८ | डडेधुरा | १४६ | ५० | ५५ | ५५ | ६५ | ६७ | ८० | ७१ | ३४६ | २४३ |
| | २९ | बैतडी | १४६ | ११९ | ५५ | ५५ | ६५ | ४४ | ७६ | ७६ | ३४२ | २९४ |
| | ३० | बझाङ | १४६ | १६३ | १०६ | १०७ | | | | | २५२ | २७० |
| | ३१ | दार्चुला | १४६ | १६९ | ५५ | ५५ | ६५ | ६६ | ५६ | ६६ | ३२२ | ३५६ |
| | ३२ | वाजुरा | | | ७० | ७० | | | | | ७० | ७० |
| | ३३ | कैलाली | १४६ | १४१ | ६१ | ४७ | ६५ | ० | ५७ | ५७ | ३२९ | २४५ |
| | | | ७३० | ६४२ | ४०२ | ३८९ | २६० | १७७ | २६९ | २७० | १६६१ | १४७८ |
| **कुल जम्मा** | | | ४५२६ | ४३१९ | २८११ | २४९८ | १४९५ | १२४२ | १७२४ | १६४४ | १०५५६ | ९७०३ |

नेपाल सरकार
उद्योग मन्त्रालय

घरेलु तथा साना उद्योग विभाग,
त्रिपुरेश्वर काठमाण्डौं

**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) तथा लघु उद्यम विकास कार्यक्रम (मेडेप) सँग उपकरार गरि कार्यक्रम सञ्चाल गरेका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको तेस्रो पक्ष मूल्याकंन गर्नका लागि प्रस्ताव आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशन मिति :

नेपाल सरकार र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) तथा अष्ट्रेलियन सरकारको वित्तीय तथा प्राविधिक सहयोगमा नेपालका विभिन्न जिल्लाहरुमा आय-आर्जन र रोजगारी सृजना गरी गरिवी न्यूनिकरण गर्ने उद्देश्यले संचालन हुँदै आएको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई आ.व. २०७०/७१ र २०७१/७२ मा तपसिल अनुसारका जिल्लाहरुमा संचालन गरी लघु उद्यमी सृजना गर्नका लागि प्रतिस्पर्धाबाट योग्यताक्रमका आधारमा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले लघु उद्यमीहरु सृजना गर्ने कार्यक्रम कार्यन्वयन गरेका छन् । त्यसैगरी लघु उद्यम विकास कार्यक्रम (मेडेप) ले समेत माथि उल्लेख गरिए अनुसार नै सन् २०१५ (जनवरी देखी जुन सम्म) को लागि व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुमार्फत लघु उद्यमीहरु सृजना गरेको छ । यसरी व्यवसाय विकास सेवा प्रदायक संस्थाले गरेका कार्यक्रमहरुको **तेस्रो** पक्ष मूल्याकंन गर्नु परेको हुनाले इच्छुक **संघ, संस्था, फर्म वा कम्पनी**बाट रीतपूर्वकको प्राविधिक तथा आर्थिक शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ ।

**शर्तहरु**

१. प्रस्तावकले निम्नानुसारको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

क. मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र ।
ख. सं**घ ,संस्था, फर्म वा कम्पनी कम्पनीमा दर्ता भई सम्वन्धित निकायमा** संस्था दर्ताको प्रमाण पत्र र चालु आ.ब.को लागि नवीकरण भएको प्रमाण पत्र ।
ग. आ.व.**२०७१/७२** को आय कर चुक्ता प्रमाण पत्र ।
घ. कार्यसुची (TOR)मा उल्लेख भए बमोजिमको अनुभव र योग्यता सहितको जनशक्तिको व्यवस्था ।
ङ. संघ, संस्था, फर्म वा कम्पनी कम्तीमा १ वर्षको अनुभव भई लेखा परिक्षण प्रतिवेदन पेश गरेको हुनु पर्दछ ।

२. प्रस्ताव पत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले **१६ औं** दिन दिनको १२:०० बजेसम्म यस विभागमा दर्ता गराईसक्नु पर्ने छ र यसरी दर्ता भएका प्रस्ताव पत्रहरु सोही दिनको १३:०० बजेदेखि आवेदकहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थितिमा यस विभागमा खोलिनेछ । तर आवेदक वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि प्रस्तावपत्र खोल्न बाधा पर्ने छैन ।

३. प्रस्तावपत्र दर्ता गर्न सिलवन्दी खामको वाहिर कुन जिल्लाहरु भएको क्लस्टरको कार्य गर्नको लागि पेश गरिएको हो सो प्रष्ट खुलेको हुनुपर्ने छ । रीत नपुगेको, म्याद नाघी आएको र कुन क्लस्टरको लागि प्रस्ताव पेश गरिएको हो सो प्रस्ट नखुलेको, सहीछाप र सिलवन्दी नभएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन । प्रस्तावमा उल्लेखित जनशक्ति र अन्य कर्मचारीहरुको शैक्षिक योग्यता, तालिम, अनुभव र संस्थाको अनुभव समेतको प्रमाणपत्रको प्रतिलिपि नोटरी पव्लिकद्धारा प्रमाणित हुनु पर्नेछ, अन्यथा मान्य हुने छैन ।

४. प्रस्तावपत्र दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन माथि सि.नं. २ मा तोकिएको समय अनुसार नै दर्ता र खोल्ने कार्य गर्न सकिने छ ।

५. तोकिएको मिति र समय भित्र पर्न आएका प्रस्तावपत्रहरुमध्येबाट सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ वमोजिम मूल्यांकन गरी प्रत्येक क्लस्टरका लागि योग्यताक्रमका आधारमा वढि अंक प्राप्त गर्ने ३ वटा संस्थाहरु मध्ये उत्कृष्ट संस्थालाई छनौट गरिने छ । साथै दुई वा दुई भन्दा वढी संघ ,संस्था, फर्म वा कम्पनीले संयुक्त उपक्रमको रुपमा कार्य गर्ने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नामका साथै प्रचलित कानून वमोजिमको रीत पुर्‍याइ प्रस्ताव पत्र पेश गर्नु पर्ने छ अन्यथा त्यस्ता प्रस्ताव पत्र उपर कारवाही हुनेछैन । त्यसरी छनौट भएका संस्थाहरुको संक्षिप्त सूचि राष्ट्रियस्तरको पत्रिकामा समेत प्रकाशन गरिनेछ ।

६. विस्तृत विवरणसहितको कार्यक्षेत्रगत शर्त (TOR), प्रस्ताव पत्र मूल्यांकनका आधारहरु यस विभागको website: www.incubation.gov.np र www.dcsi.gov.np साथै विभागवाट उपलव्ध हुने छ ।

७. प्रस्ताव पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा रहने छ ।

८. आ.व. २०७०/७१ र ०७१/७२ मा व्यवसाय विकास सेवा प्रदायक संस्थाको रुपमा मेडेप तथा मेडपा कार्यक्रम संचालन गरेका संस्थाहरु तथा उक्त मेडप र मेडपा कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गरेका संस्थाहरुको प्रस्तावलाई स्वीकार गरिने छैन ।

९. प्रस्ताव पेश गर्ने संघ, संस्था, फर्म वा कम्पनीले बढीमा २ वटा क्लस्टरको लागि मात्र प्रस्ताव पेश गर्न सकिनेछ र एउटा क्लस्टरको एउटा प्रस्ताव पेश गरी प्रत्येक क्लस्टरका लागि अलगै प्रतिस्पर्धा गर्नु पर्ने हुन्छ । साथै एक क्लस्टरमा प्रस्ताव गरेको जनशक्ति अर्को क्लस्टरमा दोहोर्‍याउन पाइँदैन ।

**१०. प्रस्तावकले प्रत्येक क्लष्टरको लागि रु ३००।– राजस्व शीर्षक नं. १४२२७ , कार्यालय कोड २७ - ३०७ - ०६ र राष्ट्रिय बाणिज्य वैंक, टेकुको खाता नं १ - १ -००१ मा छुट्टाछुट्टै राजश्व दाखिला गरेको सक्कल भौचर प्रस्ताव सँग संलग्न गरी पेश गर्नु पर्ने छ ।**

**११. यस सम्वन्धमा थप कुराहरु बुझ्नुपर्ने भएमा यस विभागको फोन नं. ४२५९८४६ र ४२५९८७५ मा सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ ।**